"वनको दिगो व्यवस्थापन : समृद्धिको आधार"

# पथरी शनिश्चरे साझेदारी वन उपभोक्ता समूह

## कार्यान्वयन ईकाइको कार्यालय

कोशी प्रदेश, मंगलबारे, मोरङ

प.सं. : ०८२/८३
च.नं.:

मिति : २०८२/१२/०८

**विषय : ढलापडा काठ/दाउरा संकलन सम्बन्धी सूचना ।**

**प्रथम पटक प्रकाशन मिति : २०८२/१२/०८**

यस समूहको वनक्षेत्रको विभिन्न कम्पार्टमेन्टहरु भित्र रहेका ढलापडा रुखहरु समूहको स्विकृत वन कार्ययोजना (२०८१/८२-२०९०/९१) बमोजिम कटान, मुछान, ढुवानी, पाइलिङ तथा चट्टा तयार गरी घाटगद्दी समेतका कार्य गर्नका लागि मोरङ जिल्लाको स्विकृत दररेट, २०८२/८३ मा घटाघट प्रकृयाबाट ठेक्का बन्दोबस्त गर्नु पर्ने भएकोले आन्तरिक राजश्व कार्यालयमा दर्ता भई स्थायी लेखा दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र भएका काठ सम्बन्धी व्यवसाय गर्न ईजाजत प्राप्त इच्छुक व्यक्ति/फर्म/कम्पनीबाट निम्न शर्तहरुको अधिनमा रही १५ (पन्ध्र) दिन भित्र रितपूर्वकको सिलबन्दी दरभाउपत्र पेश गर्न आह्वान गरिन्छ ।

**निम्न**

१. यो सूचना ब्लाष्ट टाईम्स राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित भएको मिति २०८२ चैत्र ०८ गतेले १५ (पन्ध्र) दिन भित्र यस समूहको कार्यालय वा डिभिजन वन कार्यालय, मोरङ, विराटनगरबाट रु.१,०००।- (रु. एक हजार) दस्तुर (पछि फिर्ता नहुने गरी) बुझाई कार्यालय समयभित्र दरभाउपत्र खरिद गर्न सकिनेछ । दरभाउपत्र खरिद गर्दा चालु आ.व. को लागी नवीकरण भएको स्थायी लेखा नम्बर दर्ता प्रमाणपत्र, मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र, करचुक्ता प्रमाणपत्र, फर्म/संस्था वा कम्पनी दर्ताको प्रमाणपत्र, काठको कारोवार गर्न ईजाजत पाएको प्रमाणपत्रको प्रतिलिपी र नागरिकताको प्रमाणपत्रको प्रतिलिपी संलग्न गरी सम्वन्धित कार्यालयमा निवेदन दिनु पर्नेछ ।

२. प्रत्येक सब-कम्पार्टमेन्ट/प्लट नं. को रुखहरु सङ्कलनका लागि बेग्लाबेग्लै दरभाउपत्र सिलबन्दी गरी पेश गर्नु पर्नेछ । दरभाउपत्र पेश गरेको खाममा दरभाउपत्र पेश गरेको सब-कम्पार्टमेन्टको नं./प्लट नं. अनिबार्य रुपमा उल्लेख गर्नुपर्ने छ । उल्लेख नगरेमा दरभाउ पत्र मान्य हुने छैन र त्यस्तो दरभाउपत्र दर्ता गर्न कार्यालय बाध्य हुने छैन ।

३. दरभाउपत्रको मूल्यांकन गर्दा काठ/दाउरा संकलनका लागी सोही सब-कम्पार्टमेन्ट/प्लट नं.को न्यूनतम कबोल अंकलाई आधार मानिने छ ।

४. खरिद भएको दरभाउपत्र यो सूचना प्रकाशित भएको मितिले १६ औं दिन दिनको १२:०० बजे भित्र सिलबन्दी दरभाउपत्रमा लाहाछाप लगाई यस समूहको कार्यालयमा दर्ता गराउनु पर्नेछ । सिलबन्दी दरभाउपत्रको खाम बाहिर खरिदकर्ताको नाम, ठेगाना तथा पेश गर्ने कार्यालय (पथरी शनिश्चरे साझेदारी वन उपभोक्ता समूह, कार्यान्वयन ईकाइको कार्यालय) को नाम स्पष्ट उल्लेख गर्नु पर्नेछ ।

५. दर्ता भएका सिलबन्दी दरभाउपत्रहरु दरभाउपत्र दाखिला भएको दिन दिनको २.०० बजे अन्य कार्यालयका प्रतिनिधि र दरभाउपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा यस कार्यालयमा खोलिने छ । दरभाउपत्रदाता वा निजको प्रतिनिधिको उपस्थिति नभएमा पनि दरभाउपत्र खोल्न वाधा पर्ने छैन ।

६. दरभाउपत्र खरिद गर्ने अन्तिम दिन, दाखिला गर्ने र खुल्ने दिन विदा पर्न गएमा उक्त कार्य विदाको लगतै भोलिपल्ट कार्यालय खुलेको दिन बुँदा नं. ५ मा उल्लेखित समयमा हुनेछ ।

द्रोण बहादुर पौडेल

७. काठ, दाउरा सङ्कलन कार्यको सिलबन्दी दरभाउपत्र साथ आफुले कवोल गरेको ठेक्का अंकको १०% ले हुने धरौटी रकम यस समूहको राष्ट्रिय वाणिज्य बैंक शाखा कार्यालय, बरगाछीको खाता नं. २२५०१००००२२१६००१ मा आफुलाई पायक पर्ने राष्ट्रिय वाणिज्य बैंकको शाखा मार्फत जम्मा गरी सो को सक्कल भौचर वा कम्तिमा ६ महिना मान्य अबधि रहेको 'क' वर्गको बैंकको रितपूर्वकको बैंक जमानत (बैंक ग्यारेन्टी) वा बैंक ड्राफ्ट समाबेश हुनुपर्नेछ । धरौंटी भौचर पेश भएमा अनिवार्य रुपमा प्रतिस्पर्धा गर्ने फर्मको नामबाट दाखिला भएको हुनु पर्नेछ, व्यक्तिको नाममा दाखिला भएको भौंचर मान्य हुनेछैन । ठेक्का स्वीकृत भई म्याद भित्र सम्झौता गर्न उपस्थित हुन नआएमा धरौंटी जफत गर्न सकिनेछ । धरौटी रकम फिर्ता लिन आ.व. २०८०/८१ सम्मको कर चुक्ता प्रमाणपत्र अनिवार्य पेश गर्नु पर्नेछ ।

८. दरभाउपत्रमा आफुले कबोल गरेको अंक र अक्षर समेत दुवै स्पष्ट लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक पर्न गएमा अक्षरलाई मान्यता दिईनेछ । केरमेट भएको ठाउँमा दरभाउपत्रदाताको दस्तखत हुनु पर्नेछ ।

९. म्याद नाघी आएको, रित नपुगेको, शर्त राखिएको, एक फर्मको नाममा खरिद भै अर्को फर्मबाट पेश भएको र दरभाउपत्र र सो सम्बन्धी कागजातमा दरभाउपत्रदाता वा फर्मको सहीछाप भई नआएको दरभाउपत्र मान्य हुने छैन । साथै सम्बन्धित कार्यालयहरुबाट बिक्रि नभएको दरभाउपत्र दाखिला भएमा वा बेचिएको दरभाउपत्रको फोटोकपी गरी दरभाउपत्र दाखिला गरेमा सो दरभाउपत्र मान्य हुने छैन ।

१०. दरभाउपत्र सम्बन्धी प्रकाशित सूचनामा उल्लेखित शर्तहरु उल्लङ्घन भएमा त्यस्ता दरभाउपत्र मान्य हुने छैन ।

११. कुनै कारण खुलाई वा नखुलाई दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार साझेदारी वन व्यवस्थापन समितिमा निहित रहनेछ ।

१२. यस सूचना सम्वन्धमा कुनैकुरा हेरफेर वा संशोधन गर्नु परेमा यस कार्यालयले गर्न सक्नेछ । सो को जानकारी यस कार्यालयको सूचना पाटीमा टाँस गरिनेछ ।

१३. सूचनामा उल्लेख नभएका कुराहरुको हकमा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ (संशोधन सहित) र प्रचलित नियमानुसार हुनेछ ।

१४. ठेक्का स्वीकृत भएपछि ठेकेदार र यस कार्यालय विच रुख कटान गर्ने, मुछान (गिण्डा पार्ने), ढुवानी, लोडिङ, अनलोडिङ, घाटगद्दी, पाइलिङ तथा चट्टा लगाउने कार्यका लागि सम्झौता (करारनामा) गर्नु पर्नेछ । सम्झौता पश्चात यस कार्यालयबाट वन प्रवेश इजाजत प्राप्त गरे पछि तोकिएको कम्पार्टमेन्टमा गई कटान मुछान कार्य शुरु गर्न सकिनेछ ।

१५. सङ्कलनको कार्यमा प्रयोग हुने चेन स: नियमानुसार दर्ता भएको हुनु पर्नेछ । रुख कटान, मुछान, लोडिङ, अनलोडिङ, ढुवानी, घाटगद्दी, पाईलिङ तथा चट्टा निर्माण कार्यमा संलग्न कामदारहरुको सुरक्षा/दुर्घटना बिमा गराउने तथा सुरक्षाका आवश्यक सामाग्री उपलब्ध गराउने जिम्मेबारी सम्बन्धित ठेकेदार/फर्म/कम्पनीको हुनेछ । उल्लेखित कार्यका क्रममा दुर्घटना भई काममा संलग्न कामदार/कर्मचारी घाईते तथा मृत्यु भएमा औषधी उपचार खर्च तथा क्षतिपूर्ती उपलब्ध गराउनु पर्ने भएमा सो को दायित्व सम्बन्धित ठेकेदार/फर्म/कम्पनीको हुनेछ ।

१६. संकलन गर्ने काठ र दाउराको उल्लेखित अनुमानित परिमाणमा घटवढ हुन सक्नेछ । यसरी घटवढ भएमा सोही अनुसार प्रति ईकाइ सकार मूल्यको आधारमा रकम भुक्तानी गरिनेछ ।

१७. ठेकेदारले शुरुमा आफ्नै खर्च लगाई काठ/दाउरा संकलन गर्नु पर्नेछ । काठ/दाउरा संकलन भए पश्चात् सम्वन्धित वन प्राविधिकले प्रमाणित गरेको चलान पूर्जि र घाटगद्दी भएको काठ, दाउराको परिमाणको आधारमा ठेकेदारलाई बढीमा ३ किस्तामा रकम भुक्तानी गरिनेछ ।

१८. प्लटको अन्तिम जाँच नभई अन्तिम बिल भुक्तानी गरिने छैन ।

टोपी बहादुर पौडेल
अध्यक्ष

१९. सम्बन्धित सव डिभिजन वन कार्यालयका वन प्राविधिक कर्मचारीहरु र यस समूहका तोकिएका पदाधिकारीहरुको रेखदेख, निर्देशन र नियन्त्रणमा रही ठेकेदारले कटान, मुछान, ढुवानी एवं घाटगद्दीको काम गर्नु गराउनु पर्नेछ।

२०. लगत बमोजिम छपान भएका रुखहरुमात्र कटान, मुछान, ढुवानी गर्नु पर्नेछ। छपान नभएका रुख, वोट विरुवा एबं बन्यजन्तुको हानी नोक्सानी भएमा प्रचलित कानून बमोजिम कारवाही हुनेछ।

२१. काठ/दाउराको संकलन सम्वन्धि सम्पूर्ण कार्य वन पैदावार (काठ/दाउरा) संकलन तथा विक्री वितरण निर्देशिका, २०७३ (संशोधन, २०७५) र प्रचलित कानूनको अधिनमा रही गर्नु पर्नेछ।

२२. अन्य शर्तहरुको हकमा प्रचलित आर्थिक ऐन, नियम र वन पैदावार लिलाम बिक्रि कार्यबिधी निर्देशिका अनुसार हुनेछ।

**कटान, मुछान, ढुवानी सम्बन्धी कामको विवरण**

| सि. नं. | कामको विवरण | ढलापडा रुख रहेको कम्पार्टमेन्ट नं. | प्लट नं. | सङ्कलन हुने रुख संख्या | सङ्कलन हुने वन पैदावारको अनुमानित परिमाण | | घाटगद्दी स्थल | कै. |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | काठ (क्यू.फि.) | दाउरा (चट्टा) | | |
| १ | कटान, मुछान, ढुवानी, पाइलिङ तथा चट्टा लगाई घाटगद्दी गर्ने सम्मको कार्य | $C_1$ | $C_1$/२०८२-८३ | १४५ | १२२८३.३० | २०.९२ | सव डि.व.का., पथरीको घाटगद्दी | |
| २ | | C3,C4,C5 | C3,C4,C5/ २०८२-८३ | ७५ | ६०७७.८४ | १२.२५ | सव डि.व.का. मंगलबारे अन्तरगत फिल्ड इकाई, धानखेतीको घाटगद्दी | |

ईति सम्वत २०८२ साल चैत्र ०८ गते रोज १ मा शुभम्।

दोर्ण बहादुर पौडेल
अध्यक्ष